# सरकारी शिक्षण संस्थाहरुमा चिकित्साशास्त्र छात्रबृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि,२०७२

नेपाल सरकारको अनुदान प्राप्त सरकारी शिक्षण संस्थाहरुमा चिकित्सा शास्त्र बिषयमा स्नातकोत्तर वा सो भन्दा माथिल्लो तहमा अध्ययन गर्नको लागि सरकारी सेवामा रहेका चिकित्सक कर्मचारीहरुका अतिरिक्त सरकारी सेवा बाहिर रही उक्त बिषयमा स्नातक तह उतिर्ण गरेका नेपाली नागरिकहरुलाई समेत छात्रबृत्ति प्रदान गरी त्यस्तो छात्रबृत्ति प्राप्त गरेका चिकित्सकहरुलाई सरकारी स्वास्थ्य संस्थाहरुमा अनिवार्य सेवा गर्न लगाउने सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले नेपाल सरकारले देहायको कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "सरकारी शिक्षण संस्थाहरुमा चिकित्साशास्त्र छात्रबृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय या प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "ऐन" भन्नाले छात्रवृत्ति ऐन, २०२१ सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले दफा १३ बमोजिम गठित "नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन समन्वय समिति" सम्झनुपर्छ ।

(ग) "सरकारी सेवाका चिकित्सक" भन्नाले नेपाल स्वास्थ्य सेवा ऐन अन्तर्गत कार्यरत चिकित्सक , नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा कार्यरत चिकित्सक वा नेपाल सरकारको अनुदान प्राप्त सरकारी निकायहरुमा कार्यरत चिकित्सक कर्मचारीहरु सम्झनुपर्छ ।

(ङ) "सरकारी शिक्षण संस्था" भन्नाले चिकित्सा शास्त्र विषयको स्नातकोत्तर तह वा सो भन्दा माथि अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालयको चिकित्साशास्त्र अध्ययन संस्थान र बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान सम्झनुपर्छ र सो शब्दले नेपाल सरकारले तोकेको नेपाल सरकारको लगानी रहेको अन्य सरकारी शिक्षण संस्था समेतलाई जनाउँछ ।

(च) "विशेषज्ञ चिकित्सक" भन्नाले छात्रवृत्ति ऐन, २०२१ बमोजिम नेपाल सरकारसँग कबुलियत गरी चिकित्सा सम्बन्धी विषयमा स्नातकोत्तर वा सो माथिको उच्च अध्ययन गरेका चिकित्सक सम्झनु पर्दछ ।

(छ) "प्रशिक्षार्थी चिकित्सक" भन्नाले यस कार्यविधि बमोजिम छनोट भई चिकित्सा सम्बन्धी विषयमा स्नातकोत्तर वा सो माथिको तहमा अध्ययनरत विद्यार्थी सम्झनुपर्छ ।

(ज) "मन्त्रालय " भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनुपर्छ ।

## परिच्छेद-२
## छनौट सम्वन्धी व्यवस्था

३. **सीट संख्या निर्धारण:** मन्त्रालयले चिकित्साशास्त्रमा स्नातकोत्तर वा सोभन्दा माथिल्लो तहमा अध्यापन हुने सरकारी शिक्षण संस्थाहरुमा यस कार्यविधि बमोजिम छात्रबृत्ति प्रदान गर्ने प्रयोजनको लागि सरकारी सेवामा रहेका चिकित्सक कर्मचारी तथा सरकारी सेवा बाहिर रही चिकित्साशास्त्रमा स्नातक गरेका चिकित्सकहरुका लागि सीट संख्या निर्धारण गरी सार्वजनिक गर्नेछ ।

४. **छात्रबृत्ति प्रदान गर्ने:** (१) दफा ३ बमोजिम निर्धारित सिट संख्यामा छात्रबृत्तिमा अध्ययन गर्नको लागि सरकारी सेवाका चिकित्सक कर्मचारीको हकमा निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम अध्ययन बिदा पाउनको लागि योग्य भएमा र सरकारी सेवाका चिकित्सक कर्मचारी बाहेकका अन्य नेपाली नागरिकको हकमा चिकित्साशास्त्रमा स्नातक अध्ययन गरी कम्तीमा एक बर्षको कार्यानुभव भएको हुनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवाका चिकित्सक कर्मचारी बाहेकका अन्य नेपाली नागरिकको हकमा चिकित्साशास्त्रमा स्नातक एम.डी.जी.पी. र अन्य नन्-क्लिनिकलको हकमा कार्यअनुभव आवश्यक पर्ने छैन ।

(३) यस कार्यविधि बमोजिम छात्रवृत्तिमा अध्यापन गराउने सरकारी शिक्षण संस्थाले त्यस्तो प्रशिक्षर्थी चिकित्सकसँग भर्ना र अध्ययन शूल्क लिन पाउने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय दर्ता शूल्क, काउन्सिल दर्ता शूल्क, पुस्तकालय शूल्क र परिक्षा शूल्क प्रशिक्षार्थी चिकित्सकसँग लिन सक्नेछ ।

## परिच्छेद - ३
## बिशेषज्ञ चिकित्सक परिचालन व्यवस्था

५. **सम्पर्क राख्नु पर्ने:** (१) विशेषज्ञ चिकित्सा शिक्षा उपलव्ध गराउने सरकारी शिक्षण संस्थाहरुले मन्त्रालयसंग कबुलियत गरी छात्रवृत्तिमा अध्ययन गर्न पठाएका व्यक्तिहरुको नामावली अध्ययन शुरु भएको मितिले १५ दिनभित्र मन्त्रालयमा र अध्ययन पुरा गरेका व्यक्तिहरुको नामावली अध्ययन सम्पन्न भएपश्चात् १५ दिनभित्र मन्त्रालय र नेपाल मेडिकल काउन्सिलमा पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका छात्रवृत्तिमा अध्ययन गरेका व्यक्तिले नेपाल मेडिकल काउन्सिलबाट अस्थायी दर्ताको प्रमाणपत्र प्राप्त गरेको मितिले सात दिन भित्र मन्त्रालयमा सम्पर्क राख्नुपर्नेछ ।

(३) विशेषज्ञ चिकित्सकको सक्कल शैक्षिक प्रमाणपत्र नेपाल मेडिकल काउन्सिलमा राखिनेछ ।

६. **सरकारी स्वास्थ्य संस्थाहरुमा सेवा गर्नु पर्ने:** (१) ऐन र यस कार्यबिधि बमोजिम नेपाल सरकारसँग कबुलियत गरी छात्रवृत्तिमा अध्ययन गरेका बिशेषज्ञ चिकित्सकहरुले सरकारी स्वास्थ्य संस्थाहरुमा सेवा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त संस्थाबाट ननक्लिनिकल षियका अध्ययन समाप्त गरेका विषेशज्ञ चिकित्सकको हकमा सरकारी संस्थाहरुका अतिरक्ति नेपाल सरकारको स्वामित्व वा नियन्त्रण रहेको अन्य संस्थामा पनि खटाउन सकिनेछ

(३) उपदफा (१) र (२) बमोजिम खटिने स्थानको निर्धाण मन्त्रालयले गर्नेछ ।

७. **पदस्थापन सम्वन्धी व्यवस्था:** (१) यस कार्यबिधि बमोजिम छात्रवृत्तिमा स्नातकोत्तर तहमा अध्ययन गरेका चिकित्सकलाई नेपाल स्वास्थ्य सेवाको नवौं तह र स्नातकोत्तर तहभन्दा माथिल्लो तहमा अध्ययन गरेका चिकित्सकलाई दशौं तहमा मन्त्रालयले आवश्यकता अनुसार मन्त्रालय मातहतको स्वास्थ्य संस्थाहरुमा खटाउनेछ ।

(२) उपदफा (१) बमोजिम खटाउने प्रयोजनको लागि अस्थायी दरवन्दी सिर्जना हुनेछ र त्यस्तो दरवन्दीमा यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त चिकित्सकलाई करारमा राख्ने प्रक्रिया बाहेक अन्य प्रक्रियाबाट पद पुर्ति गर्न सकिने छैन ।

(३) यस दफा बमोजिम खटाउदा समितिको सिफारिसमा ऐनले तोकेको अवधिको लागि अनुसुचि-१ बमोजिमको करार कबुलियत गरी खटाउनु पर्नेछ ।

८. **तालिम दिनुपर्ने:** दफा ७ बमोजिम कार्यस्थलमा खटाउनु अघि मन्त्रालयले विशेषज्ञ चिकित्सकलाई अभिमूखीकरण तालीम दिनेछ । कार्यबिधि बमोजिमको सम्पुर्ण कार्य मन्त्रालय वा मन्त्रालयले तोकेको मातहतको निकायले गर्नेछ ।

९. **विवरण पठाउनु पर्ने:** यस कार्यबिधि बमोजिम कार्यस्थलमा खटिई दफा ७ को उपदफा (३) बमोजिमको सेवा अवधि पूरा गरेका बिशेषज्ञ चिकित्सकको विवरण मन्त्रालयले नेपाल मेडिकल काउन्सिलमा पठाउनु पर्नेछ ।

(४) यस कार्यबिधि बमोजिम नियुक्त बिशेषज्ञ चिकित्सकहरुलाई तोकिएको स्थानमा खटाउनु अघि मन्त्रालयले अभिमूखीकरण तालीम दिनेछ ।

(६) सम्वन्धित काउन्सिलबाट मान्यता प्राप्त गरेको संस्थाबाट नन्-क्लीनिकल वा अन्य बिषयको अध्ययन समाप्त गरेका बिशेषज्ञ चिकित्सकको हकमा सरकारी अस्पताल बाहेक नेपाल सरकारको स्वामित्व रहेको अन्य संस्थामा पनि खटाउन सकिनेछ । यसरी खटाइएका बिशेषज्ञ चिकित्सकको नेपाल सरकारको स्केल बमोजिमको तलब लगायतका अन्य सबै सुबिधा सम्वन्धित संस्थाले ब्यहोर्नेछ ।

(७) यस कार्यबिधि बमोजिम कार्यक्रममा खटिएका विशेषज्ञ चिकित्सकहरु सम्बन्धित कार्यालय प्रमुखको मातहत र सुपरिवेक्षणमा रहनेछन् ।

(८) सम्बन्धित कार्यालयले वा अस्पतालले यस कार्यबिधि बमोजिम खटिएका बिशेषज्ञ चिकित्सक सम्बन्धित सस्थामा हाजिर भएको जानकारी मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०. **तलब तथा सुविधाः** (१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गरी स्नातकोत्तर तहमा अध्ययन गर्ने चिकित्सकले अध्ययन अवधिभरको लागि नेपाल स्वास्थ्य सेवाको आठौं तहको र स्नातकोत्तर तह भन्दा माथिको तहको अध्ययन गर्ने चिकित्सकलाई नवौं तहको सुरु तलब बराबरको सुविधा उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रशिक्षार्थी चिकित्सकले अध्ययन अवधिभर दोहोरो सुविधा लिन पाउने छैन ।

(३) यस कार्यबिधि बमोजिम खटिएको विशेषज्ञ चिकित्सकले प्राप्त गर्ने सुविधा सम्बन्धी अन्य व्यवस्था अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

११. **सुपरिवेक्षणमा रहनुपर्नेः** (१) यस कार्यविधि बमोजिम कार्यस्थलमा खटिएका विशेषज्ञ चिकित्सकहरु सम्बन्धित कार्यालय प्रमुखको मातहत र सुपरिवेक्षणमा रहनेछन् ।

(२) उपदफा (१) बमोजिम विशेषज्ञ चिकित्सकहरु सम्बन्धित संस्थाहरुमा हाजिर भएको जानकारी त्यस्तो संस्थाले मन्त्रालयमा पठाउनु पर्नेछ ।

१२. **पूर्व सहमति लिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम खटिएको विशेषज्ञ चिकित्सकले सरकारी सेवाको चिकित्सक हुनको लागि स्थायी नियुक्तिको आवेदन दिंदा मन्त्रालयको सहमती लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सरकारी सेवामा स्थायी नियुक्ति भई ऐन बमोजिमको सेवा अवधि पुरा गरेको चिकित्सकले यस कार्यविधि बमोजिम सेवा गरेको मानिनेछ ।

(३) यस कार्यविधि बमोजिम खटिएका बिशेषज्ञ चिकित्सकहरुले ऐन बमोजिमको सेवा अवधि पुरा गरेर जाँदा, सरुवा वा मन्त्रालयबाट अन्यत्र सिफारिस हुँदा गर्नुपर्दा गुड स्ट्यान्डीङको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिमको प्रमाणपत्र आफूले काम गरेका संस्थाको सुपरिवेक्षकको सिफारिसका आधारमा मात्र मन्त्रालयबाट उपलव्ध हुनेछ ।

(५) उपदफा (४) बमोजिम दिइने प्रमाणपत्रको नमूना अनुसूची-२ बमोजिम हुने छ ।

१३. **समितिको गठन** : यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त चिकित्सकहरुलाई परिचालन गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहेको "छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन समन्वय समिति" गठन गरिएकोछ ।

(क) महाशाखा प्रमुख, चिकित्सा सेवा माहाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -अध्यक्ष

(ख) प्रतिनिधि, अधिकृत एघारौं तह, स्वा.से.वि. - सदस्य

(ग) प्रतिनिधि, शिक्षा मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल - सदस्य

(ङ) बरिष्ठ जनस्वास्थ्य. प्रशासक, छात्रवृत्ति शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(च) उपसचिव, चिकित्सासेवा महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य सचिव

१४. **बैठक सम्बन्धी व्यवस्था:** (१) समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिले आवश्यकताअनुसार अन्य प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठकको कार्य विधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठकमा भाग लिए बापतको बैठक भत्ता प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।

१५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विशेषज्ञ चिकित्सक आपूर्तिको प्रक्षेपण गरी स्वास्थ्य संस्थामा परिचालन गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने,

(ख) विशेषज्ञ चिकित्सक व्यवस्थापन तथा परिचालन सम्बन्धमा विभिन्न निकायहरुसँग समन्वय गर्ने,

(ग) छात्रवृत्तिमा अध्ययन गरेका बिशेषज्ञ चिकित्सकको अभिलेख राखी अध्ययन पश्चात् कबुलियत अनुसार काम गर्न सम्पर्कमा आए नआएको अभिलेख व्यवस्थापन गर्ने,

(घ) करारमा कार्यरत बिशेषज्ञ चिकित्सकको कार्यसम्पादन, कार्यक्षेत्रमा उपस्थिति जस्ता विषयमा आकस्मिक वा नियमित अनुगमन गर्ने व्यवस्था गर्ने गराउने,

(ङ) बिशेषज्ञ चिकित्सकको विवरण मन्त्रालयको प्रशासन महाशाखामा पठाउने ।

(च) आवश्यक पर्ने अन्य कार्य गर्ने ।

## परिच्छेद - ४

## बिशेषज्ञ चिकित्सकहरुको कार्य विवरण र अधिकार सम्बन्धी व्यवस्था

१६. **बिशेषज्ञ चिकित्सकको काम, कर्तव्य र अधिकार** : (१) यस कार्यबिधि बमोजिम कार्यस्थलमा खटिएका विशेषज्ञ चिकित्सकहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) स्वास्थ्य संस्थामा आएका सेवाग्राहीहरुको स्वास्थ्य परीक्षण गरी आवश्यक उपचार गर्ने र उपचार प्रकृयामा आवश्यकता अनुसार अनुगमन गर्ने ,

(ख) बिरामीको उपचारका लागि थप विशेषज्ञ चिकित्सकको आवश्यक भएमा सम्बन्धित विशेषज्ञलाई बिवरण सहित सिफारिस गर्ने ,

(ग) स्वास्थ्य संस्थामा गरिएको उपचार सम्बन्धी सम्पूर्ण विवरण तत्सम्बन्धी ढाँचा बमोजिम अभिलेखन गर्ने,

(घ) उपचार सम्बन्धी बिवरणहरुको प्रतिबेदन पेश गर्ने सम्बन्धमा आवश्यक प्राविधिक सल्लाह सुझाव दिने,

(ङ) स्वास्थ्य संस्थामा उपचार गर्दा बिरामीको मृत्यु भएमा चिकित्सकले मृत्युको कारण र समय खोली आवश्यक कागजात तयार गर्ने र मृत्युको प्रमाण पत्र दिने,

(च) स्वास्थ्य संस्थाका अन्य स्वास्थ्यकर्मीहरुसँग समेत समन्वय गरी उपचार कार्यमा पूर्ण सहयोग गर्ने,

(छ) सम्बन्धित काउन्सिलले निर्धारण गरे अनुसारको पेशागत मर्यादा कायम राख्दै उच्च मनोवल सहित सेवाग्राहीहरुको सेवा कार्यमा संलग्न रहने,

(ज) सेवा अवधिभर विशेषज्ञ चिकित्सकले निजीरुपमा चिकित्सकीय सेवा प्रदान गर्न नहुने,

(झ) मन्त्रालयले दिएको निर्देशन पालना गर्ने ।

(२) यस कार्यविधि बमोजिम चिकित्सकलाई काममा लगाउदा उपदफा (१) मा उल्लिखित व्यहोरा कार्य विवरणमा उल्लेख गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ज) मा उल्लिखित प्रावधानको उल्लंघन गरेमा निजको लाइसेन्स निलम्वन गरिनेछ ।

१७. **कार्य विवरण तथा कार्यसम्पादन:** (१) यस कार्यबिधि बमोजिम खटिएका बिशेषज्ञ चिकित्सकहरुले आफूले गरेको मासिक कामको प्रगति विवरण प्रत्येक महिनाको सात गतेभित्र अनिवार्य रुपमा आफ्नो सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(२) बिशेषज्ञ चिकित्सकहरुले तोकिएको ढाँचामा अर्धवार्षिक कार्यसम्पादन मूल्यांकन फारम भरी सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ । सुपरिवेक्षण गर्ने अधिकारीले १५ दिनभित्र सोको मूल्यांकन गरी मन्त्रालयमा पठाउनु पर्नेछ । मन्त्रालयले सोको समिक्षा गरी समिति समक्ष पेश गर्नु पर्नेछ ।

१८. **सेवा अवधिको गणना:** यस कार्यबिधि बमोजिम खटिएको विशेषज्ञ चिकित्सकको सेवा अवधि निज सम्बन्धित संस्थामा हाजिर भएको मितिबाट गणना गरिनेछ ।

१९. **सरुवा:** यस कार्यबिधि बमोजिम खटिएको चिकित्सकलाई न्यूनतम एक वर्षसम्म तोकिएको स्थानमा कामकाज नगरी अन्यत्र सरुवा गरिने छैन ।

२०. **प्रमाण पत्र फिर्ता पाउने:** यस कार्यबिधि बमोजिम छात्रवृत्ति प्राप्त गरी कार्यस्थलमा खटिएको चिकित्सकले ऐन बमोजिमको सेवा अवधि पुरा गरेको मन्त्रालयले प्रमाणित गरी सिफारिश गरेपछी मात्र त्यस्तो चिकित्सकले दफा ५ को उपदफा (३) बमोजिम राखिएको सक्कल प्रमाणपत्र नेपाल मेडिकल काउन्सिलबाट फिर्ता पाउनेछ ।

२१. **बजेट:** यस कार्यबिधि बमोजिमको कामको लागि आवश्यक पर्ने बजेटको व्यवस्था मन्त्रालयले गर्नेछ ।

२२. **बाधा अड्काउ फुकाउने:** यस कार्यबिधिलाई कार्यान्वयन गर्न कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले समितिको सिफारिशमा त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२३. **निर्देशन दिन सक्ने:** यस कार्यबिधि बमोजिमको काम कारवाही प्रभावकारी रुपले सम्पादन गर्ने सिलसिलामा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

## अनुसूचि-१

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## करार कबुलियत नियुक्तिको नमूना

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, (यस पछि प्रथम पक्ष भनिने) र ...... अञ्चल ... जिल्ला.... गा.वि.स./न.पा. बस्ने श्री....... तथा श्रीमती ....... को छोरा/छोरी वर्ष .... को/की श्री/सुश्री/श्रीमती ................(NMC NO..........) (यस पछि दोस्रो पक्ष भनिने) बीच नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरे वापत छात्रवृत्ति ऐन बमोजिम सरकारी शिक्षण संस्थाहरुमा चिकित्साशास्त्र छात्रबृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि बमोजिम यो करार कबुलियतनामा गरिएको छ ।

(१) विशेषज्ञ चिकित्सकले छात्रवृत्ति ऐन तथा यस कार्यविधि वमोजिम अनिवार्य रुपमा गर्नु पर्ने सेवा अवधिका सम्बन्धमा नेपाल सरकारको छात्रबृत्तिमा चिकित्साशास्त्रसम्वन्धित................विषयमा अध्ययन पूरा गरेका तपाई श्री/सुश्री/श्रीमतीलाई .................तहको ...............पदमा ..... निकायमा न्युनतम ५ वर्ष सेवा गर्ने गरी करारमा नियुक्ति गरिएको छ ।

(२) दोस्रो पक्षले ... जिल्लाको ........................... निकायमा रही सेवा गर्नु पर्नेछ ।

(४) प्रथम पक्षले दोस्रो पक्षलाई कार्यबिधिको अनुसुची २ मा उल्लेख भए बमोजिमको सेवा सुविधा दिन मन्जुर गर्दछ । सो बाहेक प्रथम पक्षको अन्य थप दायित्व हुने छैन ।

(५) दोस्रो पक्ष यस करारनामा र कार्यबिधिमा उल्लेख भएका व्यवस्थाहरु अन्तर्गत रही सेवा गर्न तथा कार्यबिधिको व्यवस्था पालना गर्न मन्जुर गर्दछ ।

(६) दोस्रो पक्षले करार बमोजिम सेवा पुरा नगरेमा वा कार्यविधि विपरितको काम गरेमा देहायको परिणम व्यहोर्न मञ्जुर गर्दछः-

(क) सम्बन्धित सुपरिवेक्षकको आधारमा सम्बन्धित कार्यालय प्रमुखले तलब रोक्का गर्ने, गयल कट्टी गर्ने वा ७ दिनको सूचना दिई करार रद्द गर्ने,

(ख) अध्ययन अवधिमा लागेको खर्चको तीन गुणा रकम सरकारी बाँकी सरह असुल उपर गर्ने ।

(ग) करार अवधि अगावै आफुखुशी सेवा छोड्न चाहेमा अध्ययन अवधिभर लागेको खर्चको तीन गुणा रकम मन्त्रालयमा दाखिल गरेमा सेवाबाट अलग हुन सक्ने ।

(७) दोश्रो पक्षको अध्ययन अध्यापनमा नेपाल सरकारले रु............................/– खर्च व्यहोरेको छ ।

(८) कार्यबिधिमा उल्लिखित विषयमा कुनै विवाद परेमा मन्त्रालयले गरेको निर्णय मान्न दुवै पक्ष सहमत भएका छौं ।

| | |
|---|---|
| सहीछाप............... | सहीछाप......... |
| नाम : .......... | नाम : .......... |
| दर्जा : | दर्जा : |
| प्रथम पक्ष | दोस्रो पक्ष |

**अनुसूचि २**

(दफा १५ को उपदफा (५) सँग सम्बन्धित)

**सेवा गरेको प्रमाण-पत्रको नमुना**

पत्र संख्या :डा. ........................

चलानी नं. :

मिति:.....................

बिषय: सेवा प्रमाणित सम्वन्धमा ।

श्री नेपाल मेडिकल काउन्सिल

बिशेषज्ञ चिकित्सक परिचालन कार्यबिधि, २०७२अनुरुप यस मन्त्रालयको मिति ....................... को निर्णयानूसारनेपाल स्वास्थ्य सेवा, ...................समूह, ....................उपसमूह .............................. पदमा करारमा नियुक्ति भई कार्यबिधिको परिच्छेद २ को नियम ७(१) को प्रावधान अनुरुप कार्य गर्नु भएका ............................................... (काउन्सिल नं. .........) ले देहाय बमोजिमका स्वास्थ्य संस्थामा तपशिल बमोजिम कार्य गर्नु भएको व्यहोरा यस मन्त्रालयको मिति ......................को निर्णयानुसार प्रमाणित गरीन्छ ।

| सि.नं. | काम गरेको स्वास्थ्य संस्था | काम गरेको अवधि | |
|---|---|---|---|
| | | देखि | सम्म |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

बोधार्थ

....................

नाम ......................... ।

ठेगाना ......................... ।

(.........................)

## अनुसूचि-३

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

## छात्रवृत्ति अन्तर्गत करारमा सेवामा काम गर्नेको सुविधा

१. नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको स्थानीय भत्ता र चाडबाड खर्च पाउनेछ ।

२. बर्षभरीमा कूल ३० दिन बिदा उपलब्ध हुनेछ । सो बिदा संचित हुने छैन ।

३. सरकारी कामकाजमा खटिएको अवस्थामा जुन पदमा नियुक्त भएको हो सो पदको नियम अनुसारको दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

४. उपदान, संचित बिदा वापतको रकम उपलब्ध हुने छैन ।

अनुसूची-४

(दफा ६को उपदफा(१) सँग सम्बन्धित)

## कबुलियतनामा

श्री ............................ को नाति/नातिनी श्री ............................ को छोरा/छोरी जिल्ला................................गा.वि.स./न.पा........................वडा नं.................. मा स्थायी बसोबास भई जन्ममिति ........................ को म ............................ नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ............................ तहको ......................विषयमा अध्ययनका लागि ........... ........................................ संस्थान/प्रतिष्ठानमा छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन पुरा हुनासाथ छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ त्था सरकारी शिक्षण संस्थाहरुमा चिकित्साशास्त्र छात्रबृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२ मा भएका व्यवस्थाहरु अन्तर्गत रही अध्ययन पश्चात नेपाल सरकारले खटाएको स्थानमा पाँच वर्ष सेवा गर्न मन्जुर छु । सो बमोजिम नगरेमा वा अध्ययन अवधि पुरा नगरी बीचमै छाडेमा छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ त्था सरकारी शिक्षण संस्थाहरुमा चिकित्साशास्त्र छात्रबृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२ बमोजिम कारवाही गरेमा मेरो मन्जुरी छ ।

सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गर्न मेरो मन्जुरी भएकोले छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ त्था उल्लेखित कार्यविधि बमोजिम मेरो राजीखुसीले यो कबुलियतनामा गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बुझाएँ ।

ल्याप्चे सहीछाप

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

छात्रवृत्ति पाउनेको,-

नाम:

सही:

सर्म्पक ठेगाना:

टेलिफोन नम्बर:

मोबाइल नम्बर:

मिति :-

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(............................................समन्वय..........................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ०७२/०७३
चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २०६१

मिति : ......२०७२ असोज २१

**विषय :-** निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान,
महाराजगञ्ज, काठमाडौँ ।
श्री बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान,
धरान, सुनसरी ।
श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,
महाबौद्ध, काठमाडौँ ।

उल्लिखित विषयमा सरकारी शिक्षण संस्थाहरुमा चिकित्साशास्त्र छात्रवृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सा परिचालन कार्यविधि, २०७२ को दफा २३ बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशन दिन सक्ने प्रावधान बमोजिम यस मन्त्रालयको मिति २०७२।६।५, च.नं. २/१७९ को निर्णय कार्यान्वयन विषयको पत्रमा दिइएको निर्णय अनुरुपको निर्देशनलाई थप प्रष्टताका लागि देहाय बमोजिम गर्ने भनी नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट मिति २०७२।६।२१ मा निर्णय गरिएकोले सो अनुरुप कार्यान्वयन गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

**तपसील:**

१) यस मन्त्रालयको मिति २०७२।६।५, च.नं. २/१७९ को पत्रानुसारको छनौटका आधार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई छुट्याइएको सिट संख्याको हकमा मात्र हो । ती सिट संख्यामा क्रमानुगत क, ख, ग बमोजिमका स्वास्थ्य संस्थामा न्युनतम २ वर्ष स्थायी सेवा गरेको हुनु पर्नेछ ।

२) नेपाल मेडिकल काउन्सिलबाट स्वीकृत सिट संख्यामा सरकारी खुल्ला र विदेशी बीच बाँडफाँड यस अघिको वर्षमा गरिएको कूल सिट संख्याको बाँडफाँड प्रतिशतको आधारमा गर्ने ।

३) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई छुट्याइएको सिट संख्या खाली रहन गएमा स्वत: खुल्ला प्रतिस्पर्धाबाट हुने ।

(तुलसी प्रसाद दाहाल)
शाखा अधिकृत

**बोधार्थ:**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौँ ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(....................................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :- 8/969

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २०६१

मिति : ..........२०७२ असोज ५

**विषय :-** निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान,
महाराजगञ्ज, काठमाडौं ।
श्री बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान,
धरान, सुनसरी ।
श्री चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,
महाबौद्ध, काठमाडौं ।

उल्लिखित विषयमा सरकारी शिक्षण संस्थाहरुमा चिकित्साशास्त्र छात्रवृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सा परिचालन कार्यविधि, २०७२ को दफा २(ग)३ को सम्बन्धमा कार्यविधिको दफा २३ बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशन दिन सक्ने प्रावधान अनुरुप नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७२।६।१ मा देहाय बमोजिम गर्ने निर्णय गरिएकोले सो अनुरुप कार्यान्वयन गर्नुगराउनुहुन निर्णयानुसार अनुरोध छ ।

**तपसील:**

१) सरकारी चिकित्सक भन्नाले न्युनतम दुई बर्ष स्थायी सेवा गरेका नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ अन्तर्गत कार्यरत चिकित्सक, नेपाल सरकारको स्वामित्व रहेका बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, त्रि.वि. शिक्षण अस्पताल, बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, निजामती कर्मचारी अस्पताल र मानव अंग प्रत्यारोपण केन्द्रमा कार्यरत चिकित्सक तथा नेपाली सेना, नेपाल प्रहरी र संशस्त्र प्रहरी बलमा कार्यरत चिकित्सक सम्झनु पर्दछ ।

२) छनौटका आधार: छात्रबृत्तिमा परीक्षार्थी चिकित्सकको छनौट गर्दा प्राथमिकताका आधारमा गर्नुपर्नेछ र सो आधार क्रमानुसार (क) नेपाल स्वास्थ्य सेवा ऐन अन्तर्गत कार्यरत चिकित्सक,
(ख) नेपाल सरकारको स्वामित्व रहेका बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, त्रि.वि. शिक्षण अस्पताल, बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, निजामती कर्मचारी अस्पताल, मानव अंग प्रत्यारोपण केन्द्रमा कार्यरत चिकित्सक र
(ग) नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा कार्यरत चिकित्सक हुनेछ ।

३) स्नातकोत्तर वा सो भन्दा माथिल्लो तहमा अध्ययन गर्नका लागि सिट संख्या प्रायोजन गर्न चाहने कुनैपनि मान्यता प्राप्त संस्थाले छात्रबृत्ति छनौटका लागि लिइएको प्रवेश परीक्षामा उत्तीर्ण परीक्षार्थीहरु मध्ये मर्यादाक्रममा रहेका चिकित्सकहरुलाई मात्र प्रायोजन गर्न सक्नेछ । यसरी प्रायोजन गर्ने संस्थाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग छुट्टै सम्झौता गर्नु पर्नेछ ।

(तुलसी प्रसाद दाहाल)
शाखा अधिकृत

**बोधार्थ:**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।